<u>प्रमुखहरुसँगको वैठकका निर्णय (२०८३ जेठ १२ गते)</u>

१. गणतन्त्र दिवस, २०८३ नेपाल राज्य भर भव्यताका साथ मनाउने सन्दर्भमा जिल्ला स्तरमा जिल्ला समन्वय प्रमुखको संयोजकत्व र स्थानीय स्तरमा स्थानीय तह प्रमुखको संयोकत्वमा भव्ताका साथ उल्लासमय वातावरणमा सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ संस्थाका कार्यालयहरुको परिसर सहित सरसफाई, दिपप्रज्वलन जिल्लाबासीका घरघरमा दिप प्रज्वलन सहितका विविध कार्यक्रम संचालन गर्ने।

२. गणतन्त्र दिवसको अवसरमा मिति २०८३/०२/१५ गते बिहान ९:०० वजे भिम अस्पताल, भैरहवामा आयोजित वृहत्त रक्तदान कार्यक्रममा व्यापक सहभागिता जनाउने।

३. कर्मचारी मिलन केन्द्र रुपन्देहीले २०८३/०२/१५ गते बिहान ९:०० बजे भिम अस्पताल भैरहवामा भर्ना भएका बिमारीहरुलाई फलफूल वितरण र स्वास्थ्य लाभको कामना सहितको कार्यक्रम आयोजना गर्ने।

४. जनतालाई केन्द्रमा राखी कार्यालयबाट सम्पादन गरिने सेवालाई थप प्रभावकारी र जनमैत्रि बनाई सुशासनको प्रत्याभूति दिने।

५. कार्यालयको कार्य वातावरण सेवाग्राही मैत्री बनाउन सुधारका कार्यक्रम संचालन गर्ने र आम जनतालाई परिवर्तनको अनुभूति दिलाउने।

६. मनसुनजन्य विपद्को पूर्व तयारी र विपद् जन्य घटना घटेमा तत्काल गरिने राहत एवं कार्यक्रमका खाका तयार गरी तत्पर अवस्थामा वस्ने तथा विपद् प्रतिकार्य योजना तर्जुमा समयमै बनाउने।

७. चालु.आ.व.को अन्तिम चौमासिक चलिरहेकाले सम्पूर्ण कार्यालयले तोकिएका कार्यक्रम सहितका क्रियाकलापहरु समयमै गुणस्तरीय रुपमा सम्पादन गर्ने।

८. देशको अर्थतन्त्रलाई सवलिकरण गर्न सम्पूर्ण कार्यालयले राजस्व अभिवृद्धिमा विशेष ध्यान पुऱ्याउने र राजस्व संकलनसँग सम्बन्धित कार्यालयले तोकिएको बार्षिक लक्ष्य प्राप्ती हुने गरि आफ्ना क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

९. विकास आयोजनाहरु समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्ने तर्फ आयोजना संचालन गर्ने कार्यालयले आफ्नो पूर्व क्षमताको प्रयोग गर्ने र थप समन्वय सहयोग आवश्यक रहेमा आवश्यकताका आधारमा समन्वयका लागि अनुरोध गर्ने।

०८३/०२/१२

प्रमुख जिल्ला अधिकारी